# बबई गाउँपालिका

# स्थानीय राजपत्र

स्थानीय सरकार बबई गाउँपालिका, हापुरे,दाङ्ग, लुम्विनी प्रदेश, नेपालद्धारा प्रकाशित

वर्ष ५, संख्या २०७८ भाद्र २९ गते विक्री मुल्य रु. ०।००

भाग २

बबई गाउँपालिका

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।०५।२९

## बबई गाउँपालिका प्राइभेट फर्म दर्ता, कार्यविधि, २०७८

# बबई गाउँपालिका

# प्राइभेट फर्म दर्ता कार्यविधि, २०७८

**प्रस्तावनाः**

ग्रामिण क्षेत्रको व्यवसायीक वातावरणलाई सुविधाजनक, लगानी मैत्रि वातावरण बनाई ग्रामिण क्षेत्र भित्र उपलब्ध प्राकृतिक, भौतिक तथा मानविय स्रोतको अधिकतम परिचालन तथा उपयोग गरी आर्थिक समृद्धि हासिल गर्न साथै आयत प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा जोड दिदै औद्योगिक विकास गर्न मार्ग निर्देशन गर्ने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) को उपदफा (५)(घ) र उपदफा(७) तथा लुम्विनी प्रदेश सरकारले जारी गरेको प्राइभेट फर्म दर्ता ऐन २०७६ को दफा ६ र नियमावली ५ को उपनियम (३) को अधिकार प्रयोग गरी बबई गाउँपालिकाले मिती २०७८।५।२९ मा यो कार्यविधि स्वीकृत गरि जारी गरेको छ ।

परिच्छेद-१

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम “बबई गाउँपालिका प्राइभेट फर्म दर्ता, कार्यविधि, २०७८” रहेकोछ ।

(२) यो कार्यविधि कार्यपालिकाले निणर्य गरेको मितिदेखि तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि बबई गाउँपालिका,दाङ्ग भित्र लागू हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) “गाउँपालिका” भन्नाले बबई गाउँपालिकालाई सम्झनु पर्दछ ।

(२) “कार्यपालिका” भन्नाले बबई गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(३) “सभा” भन्नाले यस बबई गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

(४) “अध्यक्ष” भन्नाले यस गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(५) “उपाध्यक्ष” भन्नाले यस गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(६) “ऐन” भन्नाले लुम्विनी प्रदेश सरकारद्धारा जारी प्राइभेट फर्म दर्ता नियमावली, २०७६ सम्झनु पर्दछ

(७) “नियमावली” भन्नाले लुम्विनी प्रदेश सरकारद्धारा जारी प्राइभेट फर्म दर्ता नियमावली, २०७६ सम्झनु पर्नेछ ।

(८) “कार्यविधि” भन्नाले बबई गाउँपालिका प्राइभेट फर्म दर्ता कार्यविधि, २०७८ सम्झनु पर्दछ ।

(९) “प्राइभेट फर्म” भन्नाले निजी वा अन्य नामवाट कुनै एक व्यक्तिले उद्योग, व्यापार वा व्यवसाय गर्ने फर्म सम्झनु पर्दछ ।

(१०) “कार्यालय” भन्नाले बबई गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(११) “अधिकारी” भन्नाले अधिकार प्राप्त अधिकारीलाई सम्झनु पर्दछ ।

(१२) “**तोकिएको**” वा **तोकिए वमोजिम** भन्नाले यो कार्यविधी अर्न्तगत वनेको दफामा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्दछ ।

(१३) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

**३. दर्ता नगरी प्राइभेट फर्म खोल्न नहुने :**

(१) यो कार्यविधी प्रारम्भ भएपछि यो कार्यविधी वमोजिम दर्ता नगराइ कसैले पनि दर्ता प्राइभेट फर्म खोल्न पाईने छैन ।

**४. प्राइभेट फर्म दर्ता गर्न दरखास्त दिनुपर्ने :**

(१) प्राइभेट फर्म दर्ता गराउन चाहने व्यक्तिले एक सय रुपैया दरखास्त दस्तुर सहित अनुसूची-१ वमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(२) प्राइभेट फर्म दर्ता गर्न चाहने व्यक्तिले आफनो फर्म दर्ता गर्न दरखास्त दिदा देहाय वमोजिमको विवरण र कागजात पेश गर्नु पर्ने छ ।

- **उद्योग दर्ताको हकमा**

  (क) निर्धारित ढाँचाको दरखास्त फाराम र कवुलियतनामा

  (ख) फर्मको नाम ,ठेगाना,सम्पर्क न.,उद्देश्य तथा त्यसले कारोवार गर्ने वस्तु वा सेवाको विवरण र फर्म धनीको तीन पूस्ते विवरण खुल्ने सम्वन्धित वडाको सिफारिस ।

  (ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

  (घ) जग्गा धनि दर्ता प्रमाण पत्रको प्रतिलिपि वा भाडामा लिई व्यापार व्यवसाय सञ्चालन गर्ने भएमा भाडा सम्झौता,

  (ङ) सर्जमिन मुचुल्का

  (च) पासपोर्ट साइजको फोटो ३ प्रति ।

  (छ) खाद्य उद्योगसगं सम्वन्धीत उद्योग भए खाद्य प्रविधी तथा गुण नियन्त्रण कार्यालय तुलसीपुरको सहमती पत्र हुनुपर्ने ।

  (ज) फर्निचर उद्योग भए वन कार्यालयको दुरी खुलेको पत्र १८ इन्च सम्मको आराको लागी दुरी ५०० मिटर ,३५ इन्च सम्मको आराको लागी न्यूनतम दुरी १ कि.मी हुनु पर्ने । यदि मेशिनमा रु ५० हजार भन्दा कम लगानी हुने भएमा दुरी माग गर्नु नपर्ने ।

- **वाणिज्य दर्ताको हकमा :**

  (क) निर्धारित ढाँचाको दरखास्त फाराम

  (ख) दफा ४को उपदफा २को (क) वमोजिम विवरण खुल्ने गरी वडाको सिफारिस ।

  (ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

  (घ) जग्गा धनि दर्ता प्रमाण पत्रको प्रतिलिपि वा भाडामा लिई व्यापार व्यवसाय सञ्चालन गर्ने

भएमा भाडा सम्झौता,

(ङ) पासपोर्ट साइजको फोटो ३ प्रति ।

(च) मनी चेन्जर व्यवसाय दर्ताको लागी नेपाल राष्ट्र बैकंका स्विकृत पत्र।

(छ) औषधी  व्यवसाय दर्ताको लागी औषधि व्यवस्था विभागको  सिफारिस पत्र।

(ज) विषादि जन्य व्यवसायको लागी सम्वन्धित कृषि ज्ञान केन्द्रको सिफारिस पत्र ।

(३)  दफा ४ को उपदफा १ र २ वमोजिम कसैको दरखास्त परेपछि गाउँपालिकाले ७ दिन भित्र तोकिए वमोजिम आवश्यक जाँचवुझ गरि फर्म दर्ता गर्न मनासिव देखिएमा तोकिए वमोजिमको दर्ता कितावमा त्यस्तो फर्म दर्ता गरी तोकिएको ढाँचाको प्रमाण पत्र दरखास्तवालालाइ प्रदान गरिने छ ।

(४) उप दफा ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै व्यक्तिको नाममा समान उद्देस्य भएको एक भन्दा वढि वाणिज्य सम्वन्धि प्राइभेट फर्म दर्ता गरिने छैन तर सोही उद्देस्यको लागी वाणिज्य सम्वन्धि प्राइभेट फर्मको शाखा  खोली संचालन गर्न पाइने छ ।

(५) उप दफा  १ र २ वमोजिम दरखास्त जाँचवुझ गर्दा प्राइभेट फर्म दर्ता गर्न नसकिने भएमा गाउँपालिकाले सात दिन भित्र  सो को कारण सहितको जानकारी सम्वन्धित दरखास्तवालालाई दिनुपर्नेछ ।

**५.  फर्म दर्ता दस्तुर.**

(१)  पाँच लाख रुपैयासम्म पूजि भएको प्राइभेट फर्म दर्ता गर्दा एक हजार रुपैयाँ दर्ता दस्तुर लाग्ने छ ।

**६. प्राइभेट फर्मको दर्ता  :**

(१) दफा ४ वमोजिम दर्ता गर्न दरखास्त परेपछि गाउँपालिकाले आवस्यक जाँचवुझ गरी प्राइभेट फर्म दर्ता गर्न मनासिव देखिएमा अनुसूची २ वमोजिमको दर्ता कितावमा दर्ता गरि वाणिज्य सम्वन्धि फर्म भए अनुसूची ३ वमोजिमको र उद्योग सम्वन्धि फर्म भए अनुसूची ४ वमोजिमको प्रमाण पत्र दरखास्तवालालाई दिनु पर्ने छ ।

(२) गाउँपालिकाले निश्रित हदसम्म पूँजि भएको फर्म दर्ता गर्ने ,नविकरण गर्ने ,अध्यावधिक गर्ने र खारेज गर्ने लगाएतका अधिकार आफु मातहतको कुनै कार्यालय वा अधिकारीलाई प्रत्योजन गर्न सक्नेछ।

**७. प्राइभेट फर्मको अवधि र नविकरण :**

(१) यस कार्यविधि वमोजिम दर्ता भएका प्राइभेट फर्मको अवधि दुई वर्षको हुनेछ । र सो अवधि समाप्त भए पश्चात फर्मको नविकरण प्रत्येक आर्थिक वर्षका लागी गरिनेछ ।

(२) प्राइभेट फर्म नविकरण गराउन चाहने प्राइभेट फर्मको धनिले उपदफा १ वमोजिमको अवधि समाप्त भएको मितिले ६ महिना भित्र देहायका वमोजिमको कागजात संलग्न गरी गाउँपालिकामा अनुसूचि ५ वमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(क) आयकर ( स्थायी लेखा नम्वर ) दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्र ।

(ग) फर्म दर्ताको  सक्कल प्रमाण पत्र

(३) उप दफा (२) वमोजिम दरखास्त प्राप्त भएमा  गाउँपालिकाले दफा (५)को उपदफा (१) वमोजिम फर्म दर्ता गर्दा लाग्ने दस्तुरको  २० प्रतिशत दस्तुर लिई त्यस्तो प्राइभेट फर्म नविकरण गरिदिनु पर्ने छ।
(४) उपदफा २ वमोजिमको अवधिभित्र प्राइभेट फर्म नविकरण गराउन नसकेको प्राइभेट फर्म धनीले प्राइभेट फर्म नविकरण गराउन नसकेको मनासिव कारण देखाई नविकरणको लागी दरखास्त दिएमा र त्यसरी दिएको दरखास्त जाँचवुझ गर्दा सो कारण मनासिव देखिए गाँउपालिकाले प्राइभेट फमर्को नविकरण गराउने अवधि समाप्त भएको मिती वाट ६ महिना सम्म ५को उपदफा (१) वमोजिम दस्तुरको पचास प्रतिशत  दस्तुर र सो समय भित्र पनि नविकरण नगराएमा सो अवधि समाप्त भएको दिन देखि एक वर्ष सम्म दफा ५ को उपदफा (१)वमोजिम दस्तुर लिइ त्यस्तो फर्म नविकरण गर्न सक्नेछ ।

(५)  उपदफा (४)वमोजिमको म्यादभित्र  पनि कुनै प्राइभेट फर्म नविकरण नगराएमा गाँउपालिकाले प्राइभेट फर्म दर्ता ऐन २०७६ को दफा ११ वमोजिम फर्म खारेजीको कारवाही गर्न सक्नेछ ।

**८. दर्ता अध्यावधिक र नविकरण :**

(१) प्राइभेट दर्ता ऐन २०७६ को दफा ३ को उपदफा (२) वमोजिम यो कार्यविधी प्रारम्भ हुनु अघि प्रचलित कानून वमोजिम दर्ता तथा नविकरण भएको फर्मले दर्ता अध्यावधिक गर्न कार्यविधी प्रारम्भ भएको मितीले एक वर्ष भित्र अनुसूचि ६ वमोजिमको ढाँचामा गाउँपालिका समक्ष दरखास्त दिनुपर्नेछ ।
(२) उपदफा १ वमोजिमको अध्यावधिक गर्न दाखास्त परेमा गाउँपालिकाले त्यस्तो फर्मको दर्ता अध्यावधिक गरि प्रमाण पत्र दिनुपर्नेछ र दर्ता अध्यावधिक भएको फर्मको  अवधि उक्त फर्म नविकरण गर्नु पर्ने अवधि जति वाँकी छ सो अवधि नघट्ने गरि सोही आर्थिक वर्षको अन्तिम दिन सम्म कायम रहनेछ ।
(३) ऐनको दफा ५ को उप दफा (२)  वमोजिम आकर्षित हुने प्राइभेट फर्मको हकमा त्यस्ता प्राइभेट फर्मको धनीले  एक पटकको लागि कार्यविधि प्रारम्भ भएका मितीले एक वर्ष भित्र अनुसूची ७ वमोजिमको ढाँचामा फर्म नविकरण गरि अध्यावधिक गर्नकालागि एक सय रुपैया दरखास्त दस्तुर सहित गाउँपालिका समक्ष  दरखास्त  दिन सक्नेछ ।
(४) उपदफा (३) वमोजिमको  नविकरणका लागि दरखास्त  परेमा गाउँपालिकाले फर्म धनीसगं देहायको दस्तुर लिई त्यस्तो  प्राइभेट फर्म नविकरण  गर्न सक्नेछ ।

(क)  यो कार्यविधी प्रारम्भ हुनु अघि  प्रचलित कानून वमोजिम प्रत्येक नविकरण अवधीकोलागी लाग्ने नविकरण दस्तुर र नविकरण गराउन नसकेको पाँच लाख सम्म पूजि भएको प्राइभेट फर्म हकमा त्यसता प्राइभेट फर्मवाट प्रत्येक वर्षकालागी थप एक हजार रुपैया दस्तुर लिइ फर्म नविकरण गरि दर्ता अध्यावधिकको प्रमाण पत्र प्रदान गरिनेछ
(ख)  यस कार्यविधी वमोजिम अध्यावधिक भएका फर्मको अवधि समाप्त भएपछि दफ ७ को उप दफा (३) वमोजिमको दस्तुर लिइ एक आर्थिक वर्षका लागि  नविकरण गरिनेछ ।

**९. गाँउपालिकामा प्राइभेट फर्म दर्ता  :**

(१) ऐनको दफा ६ को प्रयोजनको लागि  ऐन नियमावली र यस कार्यविधीको अधिनमा रहि रु पाँच

लाख सम्म पूजि भएको प्राइभेट फर्म गाउँपालिकामा दर्ता ,नविकरण र अध्यावधिक गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम दर्ता भएको प्राइभेट फर्मको सम्वन्धमा यस कार्यविधीका व्यवस्थाहरु कार्यपालिकाको निर्णय अनुसार आवस्यक हेरफेर गर्न सक्नेछ ।

**१०. साईनवोर्ड राख्नुपर्ने :**

प्राइभेट फर्म दर्ता भए पछि त्यस्तो फर्म धनिको नाम,। फर्मको नाम, ठेगाना, दर्ता नं र मिती प्रस्ट उल्लेख भएको प्रचलित मापदण्ड वमोजिमको साईनवोर्ड कारोवार स्थलमा राख्नु पर्नेछ ।

**११. विवरण हेरफेर सम्वन्धी जानकारी :**

(१) कुनै प्राइभेट फर्म धनीले आफनो पाइभेट फर्म दर्ता गराउँदा दिएको विवरण हेरफेर गर्न चाहेमा हेरफेर गर्नु पर्ने विवरणहरु खुलाई सोको लिखित जानकारी गाउँपालिकामा दिनुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम लिखित जानकारी प्राप्त भएपछि सो सम्वन्धमा जाचँवुझ गरि गाउँपालिकाले त्यस्तो विवरण हेरफेर गर्न पन्ध्र दिन भित्र स्वीकृत दिन सक्नेछ ।

(३) उपदफा (१) वमोजिमको संशोधनको जानकारी सम्वन्धित निकाएले सम्वन्धित आन्तरिक राजश्व कार्यालयलाई समेत दिनु पर्नेछ ।

**१२. प्रतिलिपी लिन सकिने**

(१) यस कार्यविधी वमोजिम प्रदान गरिएको प्रमाण पत्र हराएमा , नष्ट भएमा वा कुनै कारणवाट काम नलाग्ने भएमा फर्म धनीले फर्म दर्ता गरेको निकाएमा प्रतिलिपी लिनका लागि निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम परेको निवेदनको व्यहोरा मनासिव देखिएमा दर्ता गरेको कार्यालयले एक हजार रुपैया प्रतिलिपी दस्तुर लिई निवेदकलाई प्रमाणपत्रको प्रतिलिपी उपलव्ध गराउनु पर्नेछ ।

**१३. विवरण उपलव्ध गराउनुपर्ने**

(१) ऐन दफा १० को उपदफा (१) वमोजिम कुनै प्राइभेट फर्मको विवरण गाउँपालिकाले मागेमा त्यस्तो फर्मको धनीले सात दिन भित्र त्यस्तो विवरण उपलव्ध गराउनु पर्नेछ र कुनै कारणवश सो समय भित्र विवरण उपलव्ध गराउन नसकिने भएमा सोको जानकारी गाउँपालिकालाई लिखित रुपमा गराई समय माग गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम समय थपको लागि माग गरेमा अवस्था हेरी विवरण माग गर्ने कार्यालयले त्यस्तो विवरण पेश गर्न वढिमा पन्ध्र दिन सम्म समय थप गर्न सक्नेछ ।

**१४. खारेजीको लागि निवेदन दिनुपर्ने**

(१) ऐनको दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिम फर्म धनिले मनासिव कारण देखाई आफ्नो फर्म खारेज गर्न चाहेमा फर्म दर्ताको सक्कल प्रमाणपत्र सहित आफ्नो फर्म खारेजीको लागि गाउँपालिकामा अनुसूची-८ वमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम फर्म खारेजीको लागि निवेदन परेमा सम्वन्धित निकाएले खारेज गर्नु अघि सम्मको सम्पूर्ण वाँकी वक्यौत्ता, कर चुक्ता भएको प्रमाणपत्र पेश गर्न लगाई त्यस्तो प्राईभेट फर्मले तिर्न

वाँकी रहेको कानून वमोजिम लाग्ने दस्तुर तथा जरिवाना समेत निजवाट अशुल गरि प्राइभेट फर्म खारेज गरि दर्ता कितावबाट लागत कट्टा गर्नुपर्नेछ ।

**१५. अनुगमन सम्वन्धी व्यवस्था** : सम्वन्धीत निकायले समय समयमा ऐन, नियमावली र यस कार्यविधी वमोजिम दर्ता एवं सञ्चालन भएका प्राईभेट फर्मको अनुगमन गरी आवस्यक निर्देशन दिन सक्नेछ ।

**१६. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने** ; सम्वन्धित स्थानिय तहले स्थानिय राजपत्रमा सूचना प्रकाशन गरि अनुसूचीमा आवस्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

**१७. कार्यविधीको व्यवस्था लागू हुने** ; प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि यो प्रारम्भ कार्यविधी भएपछि प्राईभेट फर्मको दर्ता र नविकरण दस्तुरका सम्वन्धमा यस कार्यविधीको व्यवस्था लागू हुनेछ ।

**१८. विविध** ; यो कार्यविधी कार्यान्वयनको क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधी तथा प्रचलित कानूनसगं नवाझिने गरि गाउँपालिकाले आवस्यक निर्णय गर्न सक्नेछ ।

अनुसूची-१

दफा ४ को उपदफा (१) सँग सम्बन्धीत

**प्राइभेट फर्म दर्ता सम्वन्धी दरखास्त**

मितिः २०....................

विषय : प्राईभेट फर्म दर्ता गरि दिनहुन ।

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यु,
बबई गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ्ग

महोदय,

प्रस्तुत विषयमा निम्न बमोजिम उद्योग/व्यापार व्यवसाय गर्न तपशिलमा उल्लेख भएको नामको प्राइभेट फर्म मेरो नाममा दर्ता गराउन इच्छुक भएकोले आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु लेखिएको व्यहोरामा कुनै कुरा झुट्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

तपशिल

१. फर्मको पूरा नामः

२. फर्मको पूरा ठेगानाः

३. उद्देश्यः

४. फर्मको पुँजीः रु :

५. कारोबार गर्ने चीज तथा कामको विवरणः

६. प्राइभेट फर्मको धनीको तीन पुस्ते नाम, थर, वतन

दरखास्त वाला (दरखास्त वालाहरू) को लेखात्मक र रेखात्मक दुवै औंठाको सहिछापः

लेखात्मक सहीः दायाँ वायाँ

इति सम्वत २.......... साल ............महिना .......... गते .... रोज शुभम् ।

# अनुसूची-२

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

## प्राइभेट फर्मको दर्ता किताव

| दर्ता नं | दर्ता मिती | फर्मको नाम | फर्मको उद्देश्य | फर्मको पूँजी | फर्मको ठेगाना | फर्म धनीको नाम थर | फर्म धनीको स्थायी ठेगाना | फर्म धनीको सम्पर्क नं | फर्म धनीको पी पी साइजको फोटो | फर्म धनीको सही | प्रमाणित गर्ने अधिकारीको सहिछाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

अनुसूची-३
(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)
**बबई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
हापुरे, दाङ्ग
लुम्बिनी प्रदेश, नेपाल

फोटो

प्रा.फ.द.नं./वाणिज्य दर्ता नं. :

# दर्ता प्रमाण पत्र

निम्न अनुसारको विवरण भएको ............................................... फर्मलाई सम्वत २०........साल .......महिना .......गते .....रोजमा व्यावसायीक प्रयोजनका लागी लुम्बिनी प्रदेश सरकारले जारी गरेको प्राइभेट फर्म दर्ता ऐन २०७६ को दफा ६ र नियमावलीको नियम ८ तथा बबई गाउँपालिकाको प्राइभेट फर्मको दर्ता कार्यविधि २०७८ को दफा ६ बमोजिम दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

## विवरण

प्रोप्राइटरको नाम, थर : ..............................................................................................

ठेगाना : बबई गाउँपालिका वडा नं. ...........................................................

नागरिकता नं :...............................................................................................

फर्मको ठेगाना : बबई गाउँपालिका वडा नं. ...........................................................

कारोबारको उद्देश्य : ..............................................................................................

कुल पूँजी . रु : ..............................................................................................

अक्षेरुपी रु. : ...............................................................................

वार्षिक कारोबार क्षमता :........................... विद्युत शक्ति (किलोवाट)

जारी गर्ने कार्यालय : **बबई गाउँपालिकाको कार्यालय हापुरे , दाङ ।**

............................
प्रमाणित गर्ने अधिकृत

## नविकरण विवरण

| मिति | नवीकरण गरेको अवधि | बुझाएको दस्तुर, भौचर नं. र मिति | प्रमाणित गर्नेको सही | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**शर्तहरु पालना बारे :**

१. यो प्रमाण पत्रको म्याद फर्म दर्ता गरिएको मितीले २ वर्ष सम्म र त्यसपछि प्रत्येक पटक नविकरण भए मूताविक वहाल रहने हुनाले अवधि समाप्त भएको मितीले ६ महिना भित्र अनिवार्य रुपमा नविकरण गराई सक्नुपर्नेछ। नविकरण भएको अवधि सम्वन्धी विवरण प्रमाणपत्रको पछाडी उल्लेख छ ।

२. कार्यालयले माग गरेको विवरण र तथ्याङ्कहरु मागेको वखत उपलब्ध गराउने छु।

३. फर्म दर्ता गर्दा किटान गरिएकै स्थानमा उद्योग सञ्चालन गर्नेछु।

४. फर्म दर्ता गर्दा किटान गरिएको उद्देश्य विपरीत काम गर्ने छैन।

५. अन्य निकायबाट समेत अनुमति लिनुपर्ने भए अनुमति लिई कार्य सञ्चालन गर्नेछु।

६. मासु व्यवसायको हकमा गाँउपालिकाद्धारा स्वीकृत बधशालाबाट मात्र खरिद गरी विक्री वितरण गर्नु पर्नेछ।

फोटो

अनुसूची-४
(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)
**बबई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
हापुरे, दाङ्ग
लुम्विनी प्रदेश, नेपाल

उद्योग दर्ता नं.:

# उद्योग दर्ता प्रमाण पत्र

प्राइभेट फर्म दर्ता ऐन २०७६ को दफा ६ र नियमावलीको नियम ८ तथा बबई गाउँपालिकाको प्राइभेट फर्मको दर्ता कार्यविधि २०७८ को दफा ६ बमोजिम निम्न अनुसारको विवरण भएको उद्योग दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

**विवरण**

उद्योग सञ्चालकको नाम,थर : ...........................................
उद्योगको नाम : .................
उद्योगको ठेगाना :
उद्योगको उद्देश्य: .......................................................................................
उद्योगको कुल पूँजी रु : ................. स्थिर पूँजी रु .....................चालूपूँजी रु................
उत्पादन क्षमता : विद्युत शक्ति (किलोवाट)
उद्योगको वर्ग : लघु उद्यम/घरेलु उद्योग/साना उद्योग
उद्योगले उत्पादन गर्ने वस्तु वा सेवा :
आवस्यक जनशक्ति :
कारोवार शुरु मिती :
जारी गर्ने कार्यालय : **बबई गाउँपालिकाको कार्यालय हापुरे , दाङ ।**

प्रमाणित गर्ने अधिकृत

नोट : उद्योगले पालना गर्नूपर्ने शर्तहरु यस प्रमाणपत्रको पछाडी उल्लेख गरिएको छ ।

## उद्योग पूँजी वृद्धि/ क्षमता वृद्धि / नामसारी लगाएतका अन्य निर्णयहरु

| क .स | निर्णयको व्यहोरा | प्रमाणित गर्नेको दस्तखत र मिति | कार्यालयको छाप |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

## शर्तहरु

**प्रचलित कानूनमा तोकिएका अतिरिक्त उद्योगले देहाय वमोजिमका शर्तहरु पालना गर्नूपर्नेछ ।**

१. उदोगलाई आवश्यक पर्ने जनशक्ती नेपाली नागरिकवाट प्राप्त गर्नुपर्ने छ । विदेशी जनशक्ति आवश्यक पर्ने भए प्रचलित श्रम ऐन २०७४ को अधिनमा रही विदेशी जनशक्ति राख्न सक्नेछ ।
२. उद्योगमा विदेशी पूँजी लगानी,प्रविधी उपयोग गर्नू परेमा विभाग वा गाउँपालिकाको सिवकृती लिनु पर्नेछ ।
३. अनुमती लिन नपर्ने उद्योगको पूनरुत्थान ,आधुनिकीकरण वा विस्तार गर्दा विभाग वा गाउँपालिकाको स्विकृती लिनुपर्नेछ ।
४. उद्योग चालु भएपछि गाउँपालिको राजश्व शाखामा वार्षिक प्रतिवेदन ,कार्य प्रगती र उत्पादन विवरण सम्वन्धी मासिक/चौमासिक वा वार्षिक प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नूपर्नेछ ।
५. वातापरण सम्वन्धमा सम्वन्धीत निकाय तथा गाउँपालिकावाट दिईने निर्देशन तथा शर्तहरु पालना गर्नूपर्नेछ ।उद्योगवाट निस्कने फोहरलाई उचित व्यवस्थापन गर्नू पर्नेछ ।
६. प्रदुषण नियन्त्रन सम्वन्धमा वन तथा वातावरण मन्त्रालयले तथा अन्य सम्वन्धीत निकायले तोकेको शर्तहरु र कार्यविधी अनिवार्य रुपमा पालना गर्नूपर्नेछ ।
७. यस उद्योगले नाम पहिला दर्ता भएका कम्पनीको नाम ,कसैको व्यापारिक नाम ,वा ट्रेडमार्कसंग मिलेमा संशाधन गर्नूपर्नेछ । यस उद्योगवाट उत्पादन वा प्रदान गर्ने वस्तु वा सेवामा ट्रेडमार्क प्रयोग गर्ने भएमा प्रचलित औद्यौगिक सम्पती सम्वन्धि कानून वमोजिम दर्ता गराएर मात्र प्रयोग गर्नूपर्नेछ ।
८. उद्योगमा कार्यरत कर्मचारी वा श्रमिकलाई पारिश्रमिक दिदा अनिवार्य रुपमा वैक खाता मार्फत भूक्तानी दिनु पर्नेछ ।
९. औद्योगिक प्रतिष्ठानका कार्य स्थलमा हूने लैगिंक हिंसा विरुद्धको आचार संहिता २०७६ पालना गर्नूपर्नेछ ।
१०.उद्योग वरपरका वासिन्दालाई हानि नोक्सानी नपर्नै गरी उद्योग सञ्चालन गर्नूपर्नेछ ।

# नविकरण गरेको प्रमाण

| मिति | नवीकरण गरेको अवधि | बुझाएको दस्तुर, भौचर नं. र मिति | प्रमाणित गर्नेको सही |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## नोट

१. यो प्रमाण पत्रको म्याद उद्योग दर्ता गरिएको मितीले २ वर्ष सम्म र त्यसपछि प्रत्येक पटक नविकरण भए मूताविक वहाल रहने हुनाले अवधि समाप्त भएको मितीले ६ महिना भित्र अनिवार्य रुपमा नविकरण गराई सक्नुपर्नेछ। प्रमाणपत्रमा उल्लेखित उद्देश्य वाहेकको काम गर्नु हुदैन। नविकरण गराउन ल्याउदा सक्कल प्रमाणपत्र साथै लिई आउनुपर्नेछ।

अनुसूची-५
दफा ७ को उपदफा (२) सँग सम्बन्धीत
**प्राइभेट फर्म नविकरण सम्वन्धि दरखास्त**

मिती २०....../....../.......

विषय : प्राइभेट फर्म नविकरण गरि दिनहुन ।

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यु,
बबई गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ्ग

महोदय,
प्रस्तुत विषयमा मेरो नाममा रहेको ................................................नामको प्राइभेट फर्म दर्ता नं.......... को नविकरण गरि दिनहुन अनुरोध गदर्छु । नविकरणका लागि आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न छ ।

निवेदक
प्राईभेट फम धनीको नाम
दस्तखत
ठेगाना

अनुसूची-६
दफा ८ को उपदफा (१) सँग सम्बन्धीत
**प्राइभेट फर्म अध्यावधिक सम्वन्धि दरखास्त**

मिती २०....../....../.......

विषय : प्राइभेट फर्म अध्यावधिक गरि दिनहुन ।

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यु,
बबई गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ्ग

महोदय,
प्रस्तुत विषयमा तपशिल वमोजिमको विवरण भएको प्राइभेट फर्म मिती ........................मा दर्ता भई पछिल्लो पटक मिती.........................मा नविकरण भएकोले अध्यावधिक गरि दिनहुन अनुरोध गदर्छु ।

तपशिल

१ फर्मको पूरानाम : ...........................................
२ फर्मको ठेगाना :
३ फर्मको उद्देश्यः .........................................................................................
४ कारोवार गर्ने वस्तु, सेवा,तथा कामको विवरण
५ वाजे वजैको नामथर :
६ वावुको नाम थर :
७ आमाको नामथर :
८ सम्पर्क न. :

**लेखिएको व्यहोरामा कुनै कुरा झुठा ठहरे प्रचलित कानून वमोजिम सहुला वुझौला ।**

निवेदक
प्राईभेट फम धनीको नाम
दस्तखत
ठेगाना

अनुसूची-७

दफा ८ को उपदफा (३) सँग सम्बन्धीत

**प्राइभेट फर्म नविकरण र अध्यावधिक सम्वन्धि दरखास्त**

मिती २०...................

विषय : प्राईभेट फर्म नविकरण र अध्यावधिक गरि दिनहुन ।

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यु,
बबई गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ्ग

महोदय,

प्रस्तुत विषयमा तपशिल वमोजिमको विवरण भएको प्राईभेट फर्म मिती .........................मा दर्ता भएको र मिती ....................................मा नविकरण गर्ने अवधि समाप्त भई नविकरण हुन नसकेकाले नविकरण गरि अध्यावधिक समेत गरिदिनहुन अनुरोध गर्दछु ।

तपशिल

१. फर्मको पूरा नाम:

२. फर्मको पूरा ठेगाना:

३ फर्मको उद्देस्य

४ कारोबार गर्ने वस्तु सेवा तथा कामको विवरण:

५. वाजे वजैको नाम, थर,

६ वावुको नामथर

७ आमाको नामथर

८ सम्पर्क नं.

लेखेको व्यहोरामा कुनै कुरा झुठा ठहरे प्रचलित कानून वमोजिम सहुँला वुझाउला ।

निवेदक

प्राईभेट फर्म धनीको नामथर...........

दस्तखत...........

ठेगाना............

अनुसूची-८
दफा १४ को उपदफा (१) सँग सम्बन्धीत
**प्राइभेट फर्म  खारेज सम्वन्धि निवेदन**

मिती  २०....................

विषय :  प्राईभेट फर्म खारेज गरि दिनहुन ।

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यु,
बबई गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ्ग

महोदय,
प्रस्तुत विषयमा मेरो नाममा रहेको .......................................दर्ता नं...........भएको ..........................नामको प्राईभेट फर्म ..................................................कारणले गर्दा अव देखि सञ्चालन गर्न नसक्ने भएकाले दर्ता खारेज गरिदिनहुन अनुरोध गर्दछु ।

निवेदक
प्राईभेट फर्म धनीको नामथर...........
दस्तखत...........
ठेगाना............

आज्ञाले
भीष्म कुमार मल्ल
प्रमुख प्रशासकीय अधिकृत
बबई गाउँपालिका कार्यालय